# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं.:०७५/७६
च.न.: 422

मिति:- २०७५/०७/२८

## विषय:- लेखापरिक्षक सम्वन्धी सूचना

प्रस्तुत विषयमा शिक्षा तथा मानव विकास केन्द्र आ.प्र. शाखाको च.नं. ३२ मिति २०७५/०६/२२ को पत्र बमोजिम यस सत्यवती गाउँपालिका भित्रका **सामुदायिक तथा संस्थागत विद्यालयहरुको आ.व. ०७४/७५ सम्मको लेखापरिक्षण** गराउनु पर्ने भएकाले नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थामा रजिस्टर्ड इच्छुक इजाजत पत्र प्राप्त लेखा परीक्षकहरुले तपशील बमोजिमका कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सूचिकृत हुनका लागि यस कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशील :-

१. लेखापरीक्षक फर्म/ संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. आ.व. ०७४/७५सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. फर्म/संस्था नविकरण प्रमाणपत्रको प्रतिलिपि ।
४. स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि ।
५.सूचीकृत दर्ता शुल्क रु.१००० को नगदी रसिद ।
६. निवेदन ।
७. नेपाल सरकार तथा संघ संस्थामा कार्यरत परीक्षकको हकमा लेखापरीक्षण गर्न विभागीय स्वीकृत पत्र ।

2075/7/28

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np